# १० परमेश्वरको पितृत्व

## क. मुख्य पदहरु

यूहन्ना १४:६-११ याकूब १:१७-१८
एफिसी १:१७-२३ लूका १५:११-३२

## ख. परिचय

हामी परमेश्वरलाई आफ्नो पिताझैं सम्वोधन गर्नसक्छौ. किनभने उहाँले हामीलाई आफ्नो पुत्रको रुपमा धर्मपुत्रको अधिकार प्रदान गर्नुभएको छ. यो त केवल नयाँ नियमको भावना हो. यद्यपि परमेश्वरको इश्रत्व र अन्तत: सामर्थ्य साधारणत पुरानो नियम तथा सृष्टिमा देखिएका थिए तर उहाँको पितृत्व विशेषगरी नयाँ नियमको प्रकाशमा प्राप्त बिषय रहेको छ. पुरानो नियममा परमेश्वरलाई पिता भनेर केवल १५ चोटी सम्वोधन गरिएको छ तर नयाँ नियममा २५४ चोटी पिता भनिएकोले यो तथ्य स्वत: सिद्ध भएको छ. ग्रीक भाषामा पिता (Father), लाई Pater रक्षक (protector), अनुमोदक (upholder) आदि भनिन्छ.

उहाँको सन्तुलित रुप हेर्न परमेश्वरलाई हामीले पिता स्वरुपमा जान्नु आवश्यक छ.

## ग. परमेश्वर पिता त्रिएकताको एक अंश

परमेश्वर पिता, परमेश्वर पुत्र र परमेश्वर पवित्र आत्मा तीन भाग वा परमेश्वरको तीन व्यक्तित्व हुन्. ती एकत्वमा छन् किनकि तिनीहरु एक हुन् त्यसकारण तिनीहरु एउटै भएर काम गर्छन्. यहाँ दुईवटा उदाहरण दिइएको छ जसबाट एउटै परमेश्वरमा तीन अंश भएको कुरालाई बुझ्न मदत गर्दछ.

१. **एउटा व्यक्ति** - पिता शरीर, येशू दायां हात र पवित्र आत्मा बायां हात. पृथ्वीमा हातहरुले पिताको काम गर्छन् तर एउटा अंश अर्कोभन्दा ठूलो छैन.

२. **एउटा स्याउ** - जसको भित्री भाग छ (परमेश्वर पिता), गुदी (परमेश्वर पुत्र) र बोक्रा (परमेश्वर पवित्र आत्मा) एउटा स्याउ तर त्यसको ३ भाग.

यदि हामी त्रिएक परमेश्वरको एउटै अंशमा मात्र आफ्नो ध्यान केन्द्रित गऱ्यौं भने हामीले अन्य २ व्यक्तित्वलाई नबुझ्ने मात्र होइन हामीले एउटै व्यक्तित्व जसमाथि जोड दिइरहेका हुन्छौं उसलाई समेत बुझ्न सक्नेछैनौं.

## घ. परमेश्वरको पितृत्व बुझ्ने तरीकाहरु

१. परमेश्वरले आफूलाई विभिन्न तरीकाबाट प्रकट गर्नुहुन्छ, उदाहरणको निम्ति अगमवक्ताहरुद्वारा (हिब्रु १:१), सृष्टिद्वारा तथा बाइबल उहाँको वचनद्वारा.

२. यस संसारमा रहंदा येशूले परमेश्वरको पितृत्व प्रदर्शन गर्नुभयो, जस्तै उहाँको प्रेम, अधिकार र एकता (यूहन्ना १४:६-११).

३. हाम्रो सांसारिक पिताले परमेश्वर पिता कस्तो हुनुहुन्छ त्यसको एउटा अपुरो पक्षमात्र देखाएको छ. तर परमेश्वर त सबै पितृत्वको आरम्भकर्ता हुनुहुन्छ (एफिसी ३:१४-१५), त्यसकारण हाम्रो संसारिक बाबुले परमेश्वर पिताको केही अंश प्रतिबिम्बित गर्नुहुन्छ.

४. पवित्र आत्मा हामीलाई परमेश्वर पिताबाट वरदानको रुपमा प्राप्त भएको छ र उहाँले हामीलाई परमेश्वर पिता प्रकट गर्नुहुन्छ (यूहन्ना १४:२६).

## ङ. परमेश्वर हाम्रो सिद्ध पिता हुनुहुन्छ

- उहाँले सल्लाह दिनुहुन्छ (भजन ७३:२४)
- उहाँले रक्षा गर्नुहुन्छ (भजन ९१, यूहन्ना १०:२७-२९)
- उहाँले हामीलाई आराम दिनुहुन्छ (मत्ती ११:२८-२९)
- उहाँ धिरजी हुनुहुन्छ (मत्ती १८:२६-२७)
- उहाँले हामीलाई प्रेम गर्नुहुन्छ (यूहन्ना ३:१६)
- उहाँले बगैचामा रुखहरु छांटनुहुन्छ (यूहन्ना १५:१-२)
- उहाँ धर्मी हुनुहुन्छ (यूहन्ना १७:२५)
- उहाँ कृपालु हुनुहुन्छ (रोमी ९:१५)
- माटो मुछेर उहाँले हामीलाई बनाउनुहुन्छ (रोमी ९:२०-२१)
- उहाँ अनन्त हुनुहुन्छ (रोमी १६:२६)
- उहाँ हामीलाई सान्त्वना दिनुहुन्छ (२कोरिन्थी १:३-४)
- उहाँ दयालु हुनुहुन्छ (२कोरिन्थी १:३)
- हरेक आत्मिक आशिषद्वारा उहाँले हामीलाई भर्नुहुन्छ (एफिसी १:३)

- उहाँ अनुग्रही हुनुहुन्छ र हामीलाई शान्तिले भर्नुहुन्छ (२तिमोथी १:२)
- उहाँ विश्वासयोग्य हुनुहुन्छ (२तिमोथी २:३)
- उहाँले हामीलाई अनुशासनमा राखेर सुधार्नुहुन्छ (हिब्रु १२:५-११)
- उहाँ कसैलाई पनि पनपक्ष गर्नुहुन्न (१पत्रस १:१७)
- उहाँले खांचोहरु टार्नुहुन्छ (१पत्रस ५:७, मत्ती ६:३३)
- उहाँले क्षमा गर्नुहुन्छ (१यूहन्ना १:९)
- उहाँ प्रेम हुनुहुन्छ (१यूहन्ना ४:८)
- उहाँ पवित्र हुनुहुन्छ (प्रकाश १६:५)
- न्यायमा उहाँ सच्चा र धर्मी हुनुहुन्छ (प्रकाश १६:७)

## च. पुरानो नियममा वर्णन गरिएका परमेश्वरका केही नामहरु

यहूदी जातिले नाम र स्वभावलाई एउटै अर्थमा लिएका छन. नामहरुका बारेको मानव समझलाई लिएर परमेश्वरले आफ्नो स्वभाव मानिसहरुमा प्रकट गर्नका निम्ति उपयोग गर्नुभएको छ. परमेश्वरको नामहरुलाई बुझ्नु उहाँको प्रकाश स्वयंलाई बुझ्नु हो.

१. El Elyon एल एल्योन - अति महान परमेश्वर, स्वर्ग र पृथ्वीको मालिक र शासनकर्ता, उहाँ यावत थोकको प्रमुख हुनुहुन्छ (उत्पत्ति १४:१८, २शमू २२:१४).

२. El Shaddai एल शद्दाई - सर्व शक्तिमान, सामर्थी, आफना सन्तानहरुको सदैव हेर विचार गर्ने र तिनीहरुको खांचो टार्ने (उत्पत्ति १७:१).

३. Yahweh याहवे - प्रभु अथवा यहोवा - जो सदा हुनुहुन्छ, सधैं अस्तित्वमा रहनुहने "म हुं" (प्रस्थान ३:१५, भजन ८३:१८, यशै २६:४).

४. Elohim एलोहिम - परमेश्वर. यो नामबाट परमेश्वरको बहुव्यक्तित्वलाई देखाउंछ. परमेश्वरले उत्पत्ति १:२६ मा भन्नुभएको थियो, "हामी मानिसलाई आफ्नो स्वरुपमा बनाऔं." एकभन्दा बढी, दुई वा यो भन्दा बढी भएको यसबाट थाहा हुन्छ (उत्पत्ति ३५:३१).

५. Jehovah Shama जेहोवा शामा - परमेश्वर त्यहाँ हुनुहुन्छ, निरन्तर रुपमा उहाँ हामीसँगै साथसाथै हुनुहुन्छ (इजकिएल ४८:३५).

६. Jehovah Shalom जेहोवा शालोम - परमेश्वर हाम्रो शान्ति र पूर्णत्व हुनुहुन्छ (न्यायकर्ता ६:२४).

७. Jehovah Jireh जेहोवा जिरे - हाम्रो आवश्यकतामा परमेश्वरले टार्नुहुन्छ (उत्पत्ति २२:१४).
८. Jehovah Nissi जेहोवा निस्सी - परमेश्वर हाम्रो झण्डा र विजय हुनुहुन्छ (प्रस्थान १७:१५).
९. Jehovah Tsidkenu जेहोवा जिदकेनु - प्रभु जसले हामीलाई धार्मिकताको पोशाक पहिराउनुहुन्छ. परमेश्वर हाम्रो धार्मिकता हुनुहुन्छ (यर्मिया २३:६, ३३:१६).
१०. Jehovah Rophe जेहोवा रफा - चङ्गाइ दिनुहुने परमेश्वर (प्रस्थान १५:२६).
११. Jehovah Ro-hi जेहोवा राहा - प्रभु जो हाम्रो प्रेमिलो र अगुवाईदिने गोठालो हुनुहुन्छ (भजन २३:१).
१२. Jehovah Mekadish-Kem जेहोवा मेकादिसकेम - प्रभु जसले हामीलाई चोख्याउनुहुन्छ (प्रस्थान ३१:१३).
१३. Jehovah Yasha-Gaal जेहोवा याशा गाल - प्रभु हाम्रो मुक्तिदाता र छुटकारा दिनेवाला (यशै ४९:२६, ६०:१६).
१४. Adonai मेरो प्रभु - (उत्पत्ति १५:२, व्यवस्था ९:२६, भजन ५१:१५).
१५. Tsur चट्टान - (यशै ४४:८).

## छ. परमेश्वरको पितृत्व चेलापनको आधारशीला हो

उपरोक्त तथ्य हामीले बुझ्यौं भने तलका बुँदाहरु बुझ्न हामीलाई मदत मिल्नेछ.

- प्रार्थना, अनि परमेश्वरले किन उत्तर दिनुहुन्छ ? (मत्ती ७:११).
- पवित्र आत्माको प्राप्ति (लूका ११:१३).
- पुत्रको रुपमा हामीलाई दत्तकता प्रदान (रोमी ८:१५, १यूहन्ना ३:१).
- छुटकाराको योजना (गलाती ४:४-७).
- परमेश्वरमा पहुंच (एफिसी २:१८).

परमेश्वर पिताको प्रेममा मानिसको प्रत्युत्तरले उहाँको हृदय प्रभावित हुन्छ. त्यसकारण उहाँ लालसा (हामीप्रति) अनुभव गर्नुहुन्छ (इजकिएल २२:३०–३१), दु:ख (यर्मिया ८:१८, यशै ५३:३), शोक (उत्पत्ति ६:६), क्रोध (प्रकाश १६:१), विलाप (यर्मिया ८:२१) दया (मत्ती ९:३६), खुशी (लूका १५:२२-२४) आनन्दपूर्ण गीत (सपन्याह ३:१७).

ज. मानवजातिप्रति हाम्रो स्वर्गीय पिताको उद्देश्य

- उहाँ प्रार्थनाको उत्तर दिन सदा तत्पर हुनुहुन्छ (यशै ६२:२४, मत्ती ७:११).
- मानिसहरु उहाँको सन्तान भएको  उहाँ लालसा राख्नुहुन्छ (यर्मिया ३:१९).
- कृपा देखाउन उहाँ खुशी हुनुहुन्छ (मिका ७:१८).
- हामीले भरिपूर्ण जीवन जिएको उहाँ चाहनुहुन्छ (यूहन्ना १०:१०).
- उहाँ हामीलाई डर तथा भयदेखि छुटकारा दिन चाहनुहुन्छ (यूहन्ना १४:१, भजन ११८:५-९).
- मानिसलाई उहाँ अनन्त वासस्थान दिन चाहनुहुन्छ (यूहन्ना १४:२-३).
- उहाँ सबै मानिसहरु बचेको हेर्न चाहनुहुन्छ (१तिमोथी २:३-४).
- हाम्रा आवश्यकताहरु उहाँ पूरा गर्न चाहनुहुन्छ (१पत्रस ५:७).

झ. परमेश्वर पितासित सँगति

युगौंदेखि नै परमेश्वरको योजना तथा उद्देश्य मानिसलाई आफूसित पूर्ण सँगतिमा फिर्ता ल्याउनु रहेको छ. यो छुटकाराको योजनाले इतिहासका सबै पाना भरिएकाछन्. आदमले पाप नगरेसम्म यो योजना कार्यरुपमा आउन सकेको थिएन. पापले परमेश्वरसँग रहेको मानिसको सम्बन्ध चुंडाल्यो र त्यसपछि उहाँको छुटकाराको योजना कार्यान्वयन हुन शुरुभयो. परमेश्वरले संसारलाई प्रेम गर्नुहुन्छ र त्यसलाई बचाउने इच्छा राख्नुहुन्छ (यूहन्ना ३:१६, १पत्रस ३:२०).

येशूले भन्नुभयो, "तिमीहरु पृथ्वीमा कसैलाई पिता नभन, किनकि स्वर्गमा तिमीहरुका एउटै पिता हुनुहुन्छ" (मत्ती २३:९). किनभने मानिसको पतनपछि परमेश्वरले इच्छा गर्नु भए अनुसार पितामा हुनुपर्ने गुणबाट मानिसजाति बञ्चित भएको छ. त्यसकारण वास्तवमा येशूले भन्नुभएको स्वर्गमा हुनुभएको पितामा मात्र सक्कली पितामा हुने गुण र चरित्र छ. हाम्रो स्वर्गीय पितामा मात्र पितामा हुनुपर्ने चारित्रिक सिद्धता छ र उहाँमा दागको कुनै छिटका अनि कमजोरीहरु छैनन् (याकूब १:१७). उहाँको सामर्थ्य अनन्त छ. यसरी हाम्रो स्वर्गीय पिताको चरित्र तथा सामर्थ्यमाथि पूर्ण भरोसा गर्न सकिन्छ. यसले गर्दा उहाँका प्रतिज्ञाका सन्बन्धमा उहाँमा भरोसा गर्न नसकिने कुनै ठाउँ रहँदैन.

ञ. पिता-पुत्र सम्बन्धका फाइदा-आशिषहरु

१. **पुत्र हुनुबाट लाभ** (यूहन्ना १:११-१३, २कोरिन्थी ६:१७-१८, २कोरिन्थी ७:१)
हामीप्रति पवित्र आत्मा बडो इखालु हुनुहुन्छ. पिता र पुत्रसँगको हाम्रो सम्बन्धलाई हाम्रो प्रतिद्वन्दीले चुंडाल्ला भन्नेमा उहाँ ध्यान पुऱ्याउनुहुन्छ (याकूब ४:५).

२. **पुत्रत्वको साक्षी** (रोमी ८:१५-१६, गलाती ४:६)
परमेश्वर हाम्रो पिता हुनुहुन्छ र हामी उहाँका पुत्रहरु हौं भन्ने कुराको हाम्रो आत्मासँग परमेश्वरको आत्माले साक्षी दिनुहुन्छ.

३. **पुत्रत्वको सम्पत्ति** (रोमी ८:१७)
अहिले परमेश्वरको पुत्रको नाताले हामी उहाँको उत्तराधिकारमा सहभागी हुनसक्छौं. उहाँ साँच्चै नै हाम्रो पिता हुनुहुन्छ र नयाँ जन्म पाएकाहरुलाई पवित्र आत्माले यसबारेमा प्रतिज्ञा गर्नुभएको छ (एफिसी १:१३-१४).

४. **पुत्रत्वको अनुशासन** (हिब्रू १२:७-११).

५. **पुत्रत्वमा पिताको प्रेम** (यूहन्ना १६:२७).

६. **पुत्रहरुको निम्ति पिताको व्यवस्था** (आवश्यकता पूर्ति) (मत्ती ६:८,२६,३० यूहन्ना १४:२).

७. **पुत्रत्वमा पिताको संरक्षण** (यूहन्ना १०:२८-२९; १३:१).

८. **पुत्रहरुमा पिताको उदारता** (लूका १२:३२, मत्ती ७:११).

ट. सारांशमा

आजभोलि धेरै क्रिश्चियनहरु परमेश्वरको धार्मिक न्यायको त्रासमा बाँचिरहेका छन्. परमेश्वर तिनीहरुका विरोधमा हुनुहुन्छ र तिनीहरुलाई दण्ड दिन र नियन्त्रण गर्न उहाँ सदा मौका खोजिरहनु भएको छ भनेर अरुले तर्साइदिन्छन्. परमेश्वरले पापलाई घृणा गर्नुहुन्छ तर पापीलाई घृणा गर्नुहुन्न. यदि परमेश्वरले पापीलाई प्रेम गर्नुहुन्छ र उहाँ तिनीहरुका पहुंचमा हुनुहुन्छ भने विश्वासीहरु जो परमेश्वरको वचनमा हिंडदछन र उहाँको आज्ञाकारितामा जिउने प्रयत्न गर्छन् तिनीहरुका निम्ति उहाँ झन कति बढी उपलब्ध हुनुहुन्छ होला ? (प्रकाश १:५-६). हामी पापीहरु उहाँकोमा आएकोले हामीलाई येशूले प्रेम गर्नुभयो तर हामीलाई पापी नै रहन दिनुभएन. उहाँले हामीलाई धुनुभयो, पुरोहित र राजाहरु बनाएर

हामीलाई पिताकोमा पुऱ्याइदिनुभयो. त्यतिबेला परमेश्वर हाम्रो पिता बन्नुभयो. हाम्रो पिताले हामीलाई राजाहरु र पुरोहितकै रुपमा मात्र देख्नुहुन्छ. येशूले त्यस्तै व्यवस्था गर्नुभयो. गल्ती गरेर हामीले पाप गरेको बेलामा र परमेश्वरलाई मन नपर्ने काम गरेका बेलामा पनि हाम्रो निम्ति पितासँग अन्तरबिन्ती गर्न उहाँ सदा तयार हुनुहुन्छ. प्रेमि पितासँगको हाम्रो सँगति अटुट रहोस भनेर येशू हाम्रो पक्षमा बोल्न सदा तयार हुनुहुन्छ (१यूहन्ना १:९, १यूहन्ना २:१).
*"यसकारण साहससँग अनुग्रहको सिंहासन नजीक आऔं, र खांचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्नसकौं."* (हिब्रु ४:१६)

पिताको सिंहासन सामुन्ने आउन हामीलाई कुनै रोकटोक छैन. उहाँको प्रेम र अनुग्रहले गर्दा हामी माग्नेजस्तो नभएर राजा जस्तै साहसपूर्वक उहाँकहाँ आउन सक्छौं. एउटा कुरा याद राख्नुहोस्: कृपा पाउन हामीलाई बोलाइएको छ तर कृपा पाउने आशामा होइन.

१यूहन्ना ४:१८ मा लेखिएको छ, "सिद्ध प्रेमले डर हटाउँछ" हामीले हाम्रा सारा डरहरु, चिन्ता र फिक्रीहरु हाम्रो सामर्थी पिताको हातमा सुम्पनुपर्छ. उहाँका पुत्रहरु र हकवालाको रुपमा हामीलाई उहाँले प्रेम गर्नुहुन्छ. उहाँले हामीलाई निराश पार्नुहुन्न. हाम्रो लागि उहाँ केवल उत्तम कुराको चाहना गर्नुहुन्छ र हामी उहाँमा परिपक्वतामा बढेको मन पराउनुहुन्छ. हामीले उहाँमा भरोसा गर्दै हाम्रा सबैथोक उहाँलाई दिनुपर्छ.

## ठ. प्रश्नहरु र छलफलका बुँदाहरु

१. उडाऊ पुत्रको कथाले (लूका १५:११-३२) परमेश्वर पिताको धेरै गुणहरु प्रष्ट्याएको छ, छलफल गर्नुहोस्.
२. हाम्रो संसारिक पिता र परमेश्वर पिताका बीचमा हाम्रा विचारमा कुनै सामञ्जस्य पाउन सकिन्छ ?
३. के परमेश्वर पिताले व्यवहारिक रुपमा आफैंलाई तपाईंको जीवनमा प्रकट गर्नुभएको छ ? छलफल गर्नुहोस्.
४. हामी जसरी जिएका छौं त्यसबाट परमेश्वर पिताको ज्ञानको कमी र त्यसको नतिजामा उहाँमा हामीले कम भरोसा गरेको देखिएको छ कि ?
५. स्वर्गीय पिताकोमा आउन हामीलाई कुनै रोकटोक नभएता पनि के हामी उहाँकोमा आएका छौं ?

## ङ. सारांश र प्रयोग

१. हामी परमेश्वरको चेला भएकोले त्रिएकताको सबै अंशका बारेमा हामीले जान्नुपर्छ - परमेश्वर पिता, परमेश्वर पुत्र र परमेश्वर पवित्र आत्मा ताकि उहाँको सम्बन्धमा हाम्रो विचार सन्तुलित हुन सकोस्.

२. हाम्रो परमेश्वर पिता पितृत्वको सिद्ध उदाहरण हुनुहुन्छ (मत्ती ५:४८).

३. परमेश्वरको चेलाको आधारमा सही जगमा हाम्रो जीवन निर्माण गर्न र हामी उहाँको पुत्रहरु हुनुमा उहाँको उद्देश्य जान्न हामीले परमेश्वरलाई पिताको रुपमा चिन्नु आवश्यक छ.

४. परमेश्वर पितासित हाम्रो सम्बन्धमा खुशी मनाउन उहाँको नियम, वचन, सिद्धान्त तथा अधिकारसँग हामी पूर्ण परिचित हुनुपर्छ.

५. हाम्रो स्वर्गीय पिता, अनि हामीलाई उहाँले के बनोस भन्ने चाहनु भएको छ, आदिका बारेमा विचार गर्दा अब हामी प्रेम र आदरसाथ उहाँमा समर्पित हुनसक्छौं (यूहन्ना १४:२१), आराधना (यूहन्ना ४:२३-२४), आज्ञाकारिता (यूहन्ना १४:१५; १पत्रस १:२, १७, रोमी ६:१६-१८).